११२९।८६३

राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ६४४/०७२/०७३

निर्णय नं. ८६३

जिल्ला महोत्तरी, खयरमारा ६ घर भई हाल काठमाण्डौ ३५ बस्ने राजु ढकाल............१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, काठमाडौं महानगरपालिका बागदरबार........................................१ प्रत्यर्थी

सूचना अधिकारी, काठमाडौं महानगरपालिका बागदरबार..........................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

जिल्ला महोत्तरी, खयरमारा ६ हाल काठमाण्डौ ३५ बस्ने राजु ढकालले काठमाडौं महानगरपालिका बागदरबार समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।१।३० मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी काठमाडौं महानगरपालिकाा बागदरबारका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

२०७२ वैशाख पश्चात् हालसम्म क-कसलाई घर निर्माण सम्पन्नको प्रमाणपत्र दिइएको छ सो को राजश्व तिरेको मिति समेतको विवरण ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

इति सम्वत् २०७३ साल जेठ ९ गते रोज १ शुभम् ।